# कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७६

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय,
सुदूरपश्चिम प्रदेश, धनगढी

# कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि,२०७६

प्रस्तावना:कृषि क्षेत्रलाई आधुनिक, व्यवसायिक एवं प्रतिस्पर्धि बनाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति दिन, युवा जनशक्तिलाई कृषिमा आकर्षित गरी स्वरोजगारीको अवसर सिर्जना गर्न तथा उत्पादन लागत न्युनिकरणका लागि बाली अनुसार जग्गा तयारी देखि चुटानीसम्म प्रयोग हुने मेसिनरी औजार र पशुपन्छि तथा मत्स्य पालन फार्म र उद्योगमा प्रयोग हुने यन्त्र उपकरणहरुको उपयोगलाई प्रोत्साहन गर्न सुदूरपश्चिम प्रदेश सरकारबाट कृषि यान्त्रिकरणको लागि प्रदान गरिने अनुदानलाई सरल, पारदर्शि एवं प्रभावकारी तुल्याउन वान्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः(१) यस कार्यविधिको नाम " कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आपूर्तिकर्ता" भन्नाले यस कार्यविधिले तोकेको व्यवस्था र शर्तहरुको अधिनमा रही कृषि औजार, यन्त्र तथा उपकरणहरु उपलब्ध गराउने कम्पनी, उत्पादक, वितरक, एजेन्ट र डिलर सम्झनु पर्छ ।

(ख) "उपभोक्ता" भन्नाले अनुदानमा कृषि औजार, यन्त्र तथा उपकरण लिन इच्छुक कृषि व्यवसाय गर्ने उद्देश्य लिई सम्बन्धित सरकारी निकायमा दर्ता भएका कृषक समूह वा उपभोक्ता समूह, कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, नीजि कृषि फर्म, पशुपन्छि फर्म, माछा फर्म, पशुपन्छिजन्य उद्योग वा कम्पनी र कृषि उद्यमी सम्झनु पर्छ । यस शब्दले कृषि बाली वा वस्तुहरुको उत्पादनमा संलग्न व्यक्तिगत कृषकलाई समेत जनाउँछ ।

(ग) "कार्यक्रम" भन्नाले यस कार्यविधि अनुसार सञ्चालन गरिने सबै किसिमका कृषि, पशुपन्छि र मत्स्य व्यावसाय र उद्योगमा आवश्यक औजार, यन्त्र तथा उपकरणहरुको अनुदान वितरण कार्यक्रम सम्झनु पर्छ ।



सचिव
डा. महेशराज बिष्ट

(घ) "कार्यालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र कृषि विकास निर्देशनालय अन्तर्गतका कृषि कार्यालय र पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय अन्तर्गत भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

(ङ) "कार्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन समिति" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(च) "कार्यान्वयन निकाय" भन्नाले यस कार्यविधि बमोजिम कृषि औजार, यन्त्र तथा उपकरणहरुको अनुदान कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय, निर्देशनालय र कार्यालयलाई सम्झनु पर्छ ।

(छ) "कृषि औजार यन्त्र उपकरण" भन्नाले कृषि उपज उत्पादनका लागि जग्गा तयारी, बाली व्यवस्थापन, कटानी, चुटानी, प्रशोधन, भण्डारण, बजारीकरण, ढुवानी लगायत कार्यहरुमा प्रयोग हुने औजार, यन्त्र, उपकरण एवं मेशिनरीहरु सम्झनु पर्छ ।

(ज) "निर्देशनालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालय र पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

## बपरिच्छेद-२

## कार्यक्रम सञ्चालन तथा कार्यान्वयन

३. **कार्यक्रम कार्यान्वयन तथा मुल्याङ्कन समिति**: (१)मन्त्रालयमा देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रमुख, खाद्य सुरक्षा तथा कृषि ब्यवसाय प्रबर्द्धन महाशाखा | -संयोजक |
| (ख) प्रमुख वा अधिकृत प्रतिनिधि, योजना तथा अनुगमन महाशाखा | -सदस्य |
| (ग) प्रमुख वा अधिकृत प्रतिनिधि, प्रशासन तथा सहकारी विकास महाशाखा | -सदस्य |
| (घ) प्रमुख वा अधिकृत प्रतिनिधि, पशुपन्छि तथा मत्स्य विकास महाशाखा | -सदस्य |
| (ङ) अधिकृत प्रतिनिधी, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | -सदस्य |
| (च) अधिकृत प्रतिनिधी, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (छ) प्रमुख, आर्थिक प्रशासन शाखा | -सदस्य |
| (ज) कानून अधिकृत, मन्त्रालय | -सदस्य |



सचिव
डा. महेशराज बिष्ट

(झ) अधिकृत, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा -सदस्य-सचिव

(२) निर्देशनालयमा देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि विकास निर्देशनालय -संयोजक

(ख) वरिष्ठ पशु विकास अधिकृत, पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(ग) वरिष्ठ कृषि अर्थ विज्ञ, योजना, कार्यक्रम तथा अनुगमन शाखा, कृषि विकास निर्देशनालय -सदस्य

(घ) प्रमुख, खरिद इकाई, कृषि विकास निर्देशनालय वा पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(ङ) प्रतिनिधि, प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(च) प्रमुख, आर्थिक प्रशासन, कृषि विकास निर्देशनालय वा पशुपन्छि तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(छ) कृषि ईन्जिनियर, कृषि यान्त्रिकरण शाखा, कृषि विकास निर्देशनालय -सदस्य-सचिव

**उल्लिखित समितिमा पशु विकास सँग सम्बन्धित यान्त्रिकरण अनुदान वितरण कार्यक्रममा संयोजक** वरिष्ठ पशु विकास अधिकृत, पशुपन्छि तथा मत्स्य विकास निर्देशनालयको हुने र वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि विकास निर्देशनालय सदस्य हुनेछन् ।

(३) कार्यालयमा देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन तथा मूल्याङ्कन समिति रहनेछः-

(क) प्रमुख,सम्बन्धित कार्यालय -संयोजक

(ख) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लाको जिल्ला समन्वय समिति -सदस्य

(ग) प्रमुख,खरिद इकाई, सम्बन्धित कार्यालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, प्रदेश लेखा इकाई कार्यालय वा कोष तथा लेखा नियन्त्रकको कार्यालय -सदस्य

(ङ) अधिकृत, योजना तथा अनुगमन शाखा -सदस्य-सचिव

४. <u>बैठक सम्बन्धी कार्यविधि</u> :(१) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।



सचिव
डा. महेशराज बिष्ट

(४) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. <u>समितिको काम कर्तव्य र अधिकारः</u>(१) दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मन्त्रालयले गर्ने भनी तोकिएका स्वीकृत कार्यक्रमहरु प्रचलित कानून बमोजिम सञ्चालनका लागि मार्गदर्शन गर्ने,

(ख) आपूर्तिकर्ता तथा अनुदानमा उपलब्ध गराइने अनुसूची-२ मा उल्लेखित मध्येबाट कृषि औजार यन्त्र उपकरणहरुको छनौट गरी दररेटको आशय पेश गर्ने व्यहोराको सूचना प्रकाशनका लागि सिफारिस गर्ने,

(ग) म्यादभित्र दर्ता भएका शिलबन्दी दररेट एवं प्रस्तावहरु प्रस्तावदाता वा निजका प्रतिनिधिहरुको रोहवरमा खोल्ने,

(घ) आपुर्तिकर्ता छनौट गरि उपलब्ध गराउन प्रस्ताव गरेका कृषि औजार यन्त्र उपकरणको किसिम, क्षमता, मोडेल, ब्राण्ड र अन्य स्पेसिफिकेशनको आधारमा एकै खालका यन्त्र उपकरणहरुको समूहकृत गरी, उक्त समूहमा सबैभन्दा न्यूनतम मूल्यलाई आधार मानी अनुदानको रकम तोक्ने,

(ङ) प्रस्तावमा पेश भएका यन्त्र उपकरण समूहकृत गर्न नमिलेका अवस्थामा पेश गरेको सोही दरलाई न्यूनतम मूल्य आधार मानी अनुदानको रकम तोक्ने,

(च) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि औजार यन्त्र उपकरणहरुको विवरण, उपलब्ध हुने स्थान र अनुदान रकम आदि विवरण तयार गर्ने,

(छ) कृषि यान्त्रिकरणको विगतको प्रभावकारिता, यान्त्रिकरणको आवश्यकता र प्रदेश अन्तरगत सञ्चालित केन्द्रियस्तरका आयोजनाहरुले नसमेटेका, यान्त्रिकरण पद्धति कम अपनाइएका जिल्ला, स्थानीय तहहरु एवं स्थानहरुलाई प्राथमिकता दिई उपभोक्ताहरुले मांग गरेको कृषि औजार यन्त्र उपकरणहरुको परिमाण स्वीकृत वार्षिक बजेटको सीमामा रही जिल्लागत वा स्थानीय तह अनुसार कोटा र अनुदान रकम एकिन गर्ने,

(ज) कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धित निकायलाई कार्यक्रम सञ्चालनमा आवश्यक राय सुझाव दिने ।

सचिव
डा. महेशराज बिष्ट

६. कार्यक्रम कार्यान्वयन निकायको काम, कर्तव्य र अधिकार:सम्बन्धित कार्यक्रम कार्यान्वयन निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) कार्यक्रम संग सम्बन्धित सूचना एवं मूल्यांकन परिणामहरु सरोकारवाला सबैको जानकारीको लागि आफ्नो कार्यालयमा टांस गर्ने,

(ख) आपूर्तिकर्ता छनौटको लागि पेश हुन आएका दररेटहरुको दर्ता गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका आपूर्तिकर्ताहरु संग अनुसूची-१०(१) वमोजिम सर्तहरु पालना गर्ने गरी अनुसूची-९ बमोजिम सम्झौता गर्ने,

(घ) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गरी प्रक्रिया पुरा भएर आएका कागजातहरुको आधारमा आपूर्तिकर्ताहरुलाई अनुदान वापतको रकम भुक्तानि दिने।

७. <u>कार्यालयको काम कर्तव्य र अधिकार:</u>(१) कार्यान्वयन गर्ने निकायले पठाएको विवरणहरु कृषि यन्त्र उपकरणहरु अनुदानमा लिन ईच्छुक उपभोक्तालाई औपचारिक जानकारीका लागि कार्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपभोक्ता द्वारा रित पूर्वक दर्ता हुन आएका निवेदनहरुको अनुसूची-५ बमोजिम मूल्याङ्कन गरी विवरण तयार पारी १० दिन भित्र छिटो साधन मार्फत कार्यान्वयन गर्ने निकायमा पठाउनु पर्ने छ ।

(३) प्राप्त जिल्लागत कोटा अनुदान रकमलाई आधार मानी सम्भव भएसम्म माग गर्ने सवै उपभोक्ताहरुलाई सिफारिस गर्ने र रकम नपुग भएमा अति आवश्यकलाई प्राथमिकता दिन सम्बन्धित कार्यालयले छनौटको मापदण्ड बनाई उपभोक्ताको माग अनुसारको आपूर्तिकर्ता लाई अनुसूची-६ भरी कृषि यन्त्र उपकरण आपूर्तिका लागि सिफारिस गर्नुपर्नेछ ।

तर जिल्लागत कोटा अनुदान रकम भन्दा बढी सिफारिस गरेमा सिफारिस गर्ने कार्यालय स्वयं नै जिम्मेवार र जवाफदेही हुनेछ ।

(४) कृषि यन्त्र उपकरण अनुदान कार्यको नियमित निरीक्षण गर्ने र उपभोक्ताले कृषि यन्त्र उपकरणहरु अनुदानमा प्रप्त भए पछि अनुदान रकम भुक्तानी आवेदन फारम अनुसूची-७ बमोजिम शिफारिस गर्नु पर्नेछ।

(५) कार्यालयले कार्यक्रम कार्यान्वयन गरेको अवस्थामा मन्त्रालय र निर्देशनालयले दिएका निर्देशन तथा राय सुझावहरुको कार्यान्वयन गर्नु पर्नेछ ।

(६) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने ।

८. <u>कृषि औजार यन्त्र उपकरणको सूची तथा स्पेसिफिकेशन:</u> कार्यान्वयन निकायले स्विकृत कार्यक्रम अनुसार दफा ३ बमोजिमको समितिको निर्णयानुसार चालू आर्थिक वर्ष भित्र वितरण गरिने अनुसूची-२ को अधिनमा रही कृषि औजार यन्त्र उपकरणहरु छनौट गरी स्पेसिफिकेशन र अनुमानित लागत इष्टिमेट तयार गर्नु पर्नेछ।

सचिव
डा. महेशराज बिष्ट

९. <u>आपूर्तिकर्ता सँग दररेट माग गर्ने:</u>(१) कार्यान्वयन निकायले कृषि औजार यन्त्र उपकरणहरु आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ताहरु लाई दफा ८ बमोजिम तयार गरिएको कृषि औजार यन्त्र उपकरणहरुको शिलबन्दी दररेट पेशगर्न ३० (तीस) दिने म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम शिलबन्दी दररेट पेश गर्दा प्रस्तावकले अनुसूची-१(क) बमोजिमका कागजातहरु, अनुसूची-३ अनुसारको निवेदन र अन्य सान्दर्भिक विवरणहरु समेत पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको दररेट उपदफा (१) बमोजिमको म्याद भित्र कार्यान्वयन निकायमा पेश गर्नु पर्नेछ।

(४) प्रस्तावकले दररेटका साथमा अनुसूची ३ को बुंदा १० मा पेश गरेको एक आ.ब. मा आपूर्ति गर्न सक्ने रकमको २.५ प्रतिशत रकम कार्यान्वयन निकायले तोके अनुसारको म्याद भएको बैङ्क ग्यारेन्टी वा सो बराबरको रकम तोकिएको खातामा जम्मागरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ।

१०. <u>प्रस्ताव मूल्याङ्कन आधार:</u>(१) दफा ९ को उपदफा (१) बमोजिम पर्न आएका दररेट सम्बन्धि प्रस्तावहरुको आर्थिक मूल्याङ्कनका लागि ३५ अङ्क र प्राविधिक मूल्याङ्कनका लागि ६५ अङ्क भार मानी कुल १०० अङ्क भारमा मूल्याङ्कन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गर्दा ६० अंक भार प्राप्त गर्ने प्रस्तावहरु अनुदानमा कृषि यन्त्र उपकरण आपूर्ति गर्न छनौट गरिने छ ।

११. <u>मूल्याङ्कनको जानकारी:</u>(१) दफा १० बमोजिम भएको मूल्याङ्कनको परिणाम कार्यक्रम कार्यान्वयन निकायले आपूर्तिकर्ता, सरोकारवाला र अन्य सर्वसाधारणको जानकारीको लागि आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै माथिल्ला निकायहरुमा विद्युतीय माध्यमबाट छिटो रुपमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका छनौट भएका आपुर्तिकर्ताहरु, तिनले उपलब्ध गराउन सक्ने मेशिनरीको नाम, ब्राण्ड, मोडल, पेश गरेको दररेट, स्वीकृत भएको दररेटर सो उपकरणमा कार्यालयले उपलब्ध गराउने अनुदान रकम समेत स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

१२. <u>उपभोक्ताबाट निवेदन माग गर्ने:</u>(१) कृषि औजार यन्त्र उपकरणहरु अनुदान प्राप्तगरी लिन चाहने अनुसूची-१० (२) बमोजिमको शर्तहरु पालना गर्ने उपभोक्ताका लागि कार्यक्रम कार्यान्वयन निकायले २१ (एक्काइस) दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी निवेदन माग गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदानमा कृषि औजार यन्त्र उपकरणहरु लिन चाहने व्यक्तिगत कृषक र समूह उपभोक्ताहरुले अनुसूची-१(ख) तथा सहकारी र फर्म, कम्पनी उपभोक्ताका



सचिव
डा. महेशराज बिष्ट

लागि अनुसूची-१(ग) बमोजिमका कागजातहरुका प्रमाण संलग्न राखी अनुसूची-४ (क) र अनुसूची-४(ख) बमोजिमको ढाँचामा तोकिएको म्याद भित्र सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ ।

१३. <u>अनुदान रकम भुक्तानी</u>:(१) कृषि औजार यन्त्र उपकरणहरु, छनौट भएका उपभोक्ताहरुले प्राप्त गरिसकेपछि कार्यक्रम कार्यान्वयन गर्ने निकायले अनुदान स्वरुप दिनुपर्ने रकम आपुर्तिकर्तालाई भुक्तानी दिने छ ।

(२) उपदफा (१) वमोजिम भुक्तानी माग गर्न आपूर्तिकर्ताहरुले अनुसूची--७ बमोजिमको भुक्तानी आवेदन फाराम, अनुसूची-६ वमोजिमको सिफारिस पत्र, आपुर्ति गरिएको सामग्रीहरुमा अनुसूची-८ को ढाँचा अनुसार प्रिन्ट वा प्लेटमा विवरण उल्लेख गरी टाँस गरेर सो झल्किने उपभोक्ता सहितको फोटो, उपभोक्ताको आवेदनको सक्कल फायल र बिल बिजक समेत राखी कार्यक्रम कार्यान्वयन गर्ने निकायमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिमका कागजातहरुको आधारमा कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट अनुदानको रकम आपूर्तिकर्ताको बैङ्क खातामा भुक्तानी गरिनेछ।

(४) उपदफा (३) बमोजिम अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानून अनुसार करकट्टी गरिनेछ ।

(५) आपुर्तिकर्तालाई अनुदान रकम भुक्तानी गर्दा जम्मा भुक्तानी हुने रकमको ५ प्रतिशत रकम दरौटी स्वरुप कट्टि गरिने छ र सो रकम आपुर्ति गरिएको औजार यन्त्र उपकरण सन्तोषजनक देखिएमा कार्य सम्पन्न भएको ३ महिना पछि सम्वन्धितलाई भुक्तानी गरिनेछ ।

(६) कार्यक्रम सञ्चालन तथा अनुगमन लगायतका कार्यहरुका लागि अनुदान रकमको चार प्रतिशत रकम कन्टिन्जेन्सी स्वरुप छुट्याइनेछ ।

(७) कार्यालयहरुलाई अनुगमनको लागि जिल्लागत अनुदान रकमको बढीमा दुई प्रतिशत कन्टिन्जेन्सी वापतको रकम उपलब्ध गराईनेछ ।

(८) उपदफा (६) बमोजिम कन्टिन्जेन्सी वापतको रकम कार्यालयहरुले सम्बन्धित निकायहरुमा बिल भरपाई पेश गरी भुक्तानी माग गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## <u>कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन</u>

१४. <u>अनुगमन, मुल्याङ्कनतथा प्रतिवेदन</u> :(१)कृषि औजार यन्त्र उपकरण अनुदान कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन आवश्यकता अनुसार सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मन्त्रालय तथा निर्देशनालयबाट गरिनेछ |

(२) कार्यक्रमको जिल्लास्तरीय नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य सम्बन्धित कार्यालयले गर्नेछ।



सचिव
डा. महेशराज बिष्ट

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षण गरेको प्रतिवेदन कार्यालयले निर्देशनालयमा र निर्देशनालयले मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मन्त्रालयले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन र उपदफा (३) बमोजिमको प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा मन्त्रालयले सम्बन्धित विषय विज्ञ सहितको टोली गठन गरी जाँचबुझ गराउनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम गठित टोलीले स्थलगत रुपमा जाँचबुझ गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको देखिएमा सो बमोजिम गर्न वा गराउन सम्बन्धित निर्देशनालय वा कार्यालयलाई निर्देशन दिनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त निर्देशनलाई निर्देशनालय वा कार्यालयले प्रभावकारी ढंगले कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम प्राप्त निर्देशनलाई कार्यान्वयन नगर्ने निर्देशनालय वा कार्यालयको प्रमुखलाई प्रचलित कानून बमोजिम मन्त्रालयले कारवाही गर्न वा कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

(१०) उपदफा (६) बमोजिम प्राप्त प्रतिवेदनबाट आर्थिक अपचलन भएको देखिएमा मन्त्रालयले आवश्यक अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

१५. <u>सार्वजनिक परीक्षण</u>: (१) अनुदानग्राहीले सम्झौता बमोजिमको कार्यसम्पन्न गरिसके पश्चात कार्यक्रमको देहाय विधि प्रयोग गरी सार्वजनिक परीक्षण गर्नु पर्नेछ :

(क) सार्वजनिक वा नागरिक सुनुवाई, र

(ख) प्रदेश सरकारबाट उपलव्ध स्रोतबाट प्रस्तावनामा लेखिएको उपलव्धी हासिल भए नभएको सर्वेक्षण प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम गरेको सार्वजनिक परीक्षणको पुष्टी हुने आवश्यक कागजातहरु अनुदानग्राहीले तयार गरी अभिलेख राख्नु पर्नेछ ।

सचिव
डा. महेशराज बिष्ट

## परिच्छेद - ४
## विविध

१६. **प्रगति प्रतिवेदन:**(१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरण सहितको चौमासिक प्रतिवेदन कार्यालयले निर्देशनालयमार्फत र निर्देशनालयले मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पठाउनु पर्नेछ ।

(३) मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र यस कार्यविधि बमोजिम सञ्चालन भएको कार्यक्रमको प्रदेशस्तरमा प्रगति समिक्षा गर्नेछ।

१७. **अनुदानको दुरुपयोग गर्न नहुने** :(१) अनुदान प्राप्त उपभोक्ताले कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेको पाइएमा चालू हालतमा भएका कृषि औजार यन्त्र उपकरणहरु जफत गरिनेछ।

(२) उपदफा (१) बमोजिम कृषि औजार यन्त्र उपकरणहरु चालू हालतमा भएको नपाईएमा सो उपकरण जफत गरी सम्बन्धित कार्यालयको सिफारिसमा निर्देशनालयले आवश्यकता अनुसार अन्य उपभोक्तालाई उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुदान दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरी थप कारवाहीका लागि मन्त्रालयले सम्बन्धित निकायमा सिफारिस गरी पठाउनेछ।

१८. **औजार यन्त्र उपकरणहरुको उपयोग:** उपभोक्ताहरुलाई अनुदानमा उपलब्ध गराईएका कृषि औजार यन्त्र उपकरणहरुको उपयोग तथा प्रभावकारीताका विषयमा मन्त्रालय वा निर्देशनालयले अध्ययन गर्न, गराउन सक्नेछ ।

१९. **लेखा तथा लेखापरीक्षण:** कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

२०. **प्रचलित कानून लागु हुने:** यस कार्यविधिमा उल्लेख भएका बिषयहरुका सम्बन्धमा यसै कार्यविधि बमोजिम र कार्यविधिमा उल्लेख नभएका बिषयहरुका सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२१. **बाधा अड्काउ फुकाउ र संशोधन:**(१) यस कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ तथा मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।



सचिव
डा. महेशराज बिष्ट

(२) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ।

२२. **खारेजी र बचाउ:**(१) "कृषि औजार यन्त्र उपकरणका लागि अनुदान वितरण कार्यविधि, २०७५" खारेज गरिएको छ ।

(२) "कृषि औजार यन्त्र उपकरणका लागि अनुदान वितरण कार्यविधि, २०७५" बमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची-१

(दफा ९(२) र १२(२) सँग सम्बन्धित)

आपूर्तिकर्ता र उपभोक्ताहरुले निवेदन तथा प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु

(क) आपूर्तिकर्ताको लागि :

१. संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

२. संस्था नविकरण प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि ।

३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपी ।

४. पछिल्लो तीन आ.व. को लेखापरिक्षणको प्रमाणित प्रतिलिपी ।

५. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

६. आधिकारिक एजेन्ट (Authorized Agent) को प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

७. कृषि औजार यन्त्र उपकरणहरुको स्पेसिफिकेशन खुल्ने सक्कल क्याटलग ।

८. सम्भव भएसम्म बुझिने भाषामा आधिकारिक टेस्ट सर्टिफिकेटको प्रमाणित प्रतिलिपी ।

९. आधिकारिक डिलर वा सर्भिस सेन्टरको संस्था दर्ता,PAN वा VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित प्रतिलिपी।

१०. अनुसूची-३ को बुँदा नं.१० मा उल्लेख गरेका एक आ.व. मा आपूर्ति गर्न सक्ने कृषि औजार यन्त्र उपकरणहरुको ग्यारेन्टीवापत कार्यान्वयन निकायले तोके अनुसारको म्याद र रकम भएको बैङ्क ग्यारेन्टी वा सो बराबरको रकम तोकिएको खातामा जम्मा गरी सक्कल भौचर ।

(ख) ब्यक्तिगत कृषक, कृषक समूहर उपभोक्ता समूहहरुको लागिः

१. ब्यक्तीको हकमा नागरिकता र समूहको हकमा समूह दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

२. समूहको निर्णय प्रतिलिपी ।

३. समूहले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।

४ अधिकार प्राप्त पदाधिकारी वा ब्यक्तिगत कृषकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो १ प्रति ।

५. यदि समूहको कुनै सदस्यले एकल रुपमा कृषि यन्त्र उपकरणहरु लिन चाहेमा समूहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नु पर्ने ।

६. समूहको कुनै सदस्यले कृषि औजार यन्त्र उपकरणहरुको सञ्चालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपी ।

७. जग्गाधनी पूर्जाको प्रतिलिपी वा जग्गाको कर तिरेको पूर्जाको प्रतिलिपी।

सचिव
डा. महेशराज बिष्ट

८. आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने प्रमाणको प्रतिलिपी।

९. आफूले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए कम्तीमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपी।

**(ग) कृषि वा बहुउद्देश्यीय सहकारी संस्था, नीजि कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको लागि :**

१. संस्था वा फर्म, कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

२. संस्था वा फर्म, कम्पनी नविकरण प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र ।

३. संस्था वा फर्म, कम्पनीको प्यान वा भ्याट प्रमाण पत्रको प्रतिलिपी ।

४. लेखापरीक्षणको प्रमाणित प्रतिलिपी ।

५. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

६. संस्था वा फर्म, कम्पनीको निर्णय प्रतिलिपी ।

७. संस्था वा फर्म, कम्पनीले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र ।

८. अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति ।

९. संस्था वा फर्म, कम्पनीले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए कम्तीमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपी।

१०. जग्गाधनी पूर्जाको प्रतिलिपी वा जग्गाको कर तिरेको पूर्जाको प्रतिलिपी।

## अनुसूची -२

(दफा ५(१) ख र ८ सँग सम्बन्धित)

**अनुदानमा वितरण गरिने कृषि औजार उपकरणहरु**

| सि.नं. | कृषि औजार यन्त्र उपकरणहरुको नाम | स्पेसिफिकेशन | अनुदान रकम (प्रतिशत मा) | कैफियत |
|---|---|---|---|---|
| (क) | कृषि यन्त्र उपकरणहरु/मेशिनरीहरुः | | | |
| १ | चार पांग्रे ट्र्याक्टर ट्रली सहित | अधिकतम ४५एच.पी. सम्म मात्र | ५० | |
| २ | पावर टिलर | अधिकतम १२ देखि २२ एच.पि. सम्म मात्र | ५० | |
| ३ | मिनी टिलर | अधिकतम ९ एच.पि. सम्म मात्र | ५० | |
| ४ | एट्याचमेन्टहरु(ट्रेक्टर, पावर टिलर, मिनि टिलरको लागि) | | | |
| ४.१ | कल्टिभेटर | | ५० | |
| ४.२ | डिस्क प्लाव | | ५० | |
| ४.३ | डिस्क हैरो | | ५० | |
| ४.४ | एम.बि. प्लाव | | ५० | |
| ४.५ | हिलो चक्का/एन्टी स्कीड व्हील | | ५० | |
| ४.६ | रोटाभेटर | एस वा सी टाईप | ५० | |
| ४.७ | लेभलर | | ५० | |
| ४.८ | सिड कम फर्टिलाईजर ड्रिल | | ५० | |
| ४.९ | सिड ड्रिल | | ५० | |
| ४.१० | सिड/प्लान्टर | | ५० | |
| ४.११ | जिरो टिल सिड ड्रिल | | ५० | |
| ४.१२ | रिजर/वण्ड फर्मर | | ५० | |
| ४.१३ | मेज प्लान्टर | | ५० | |



सचिव
डा. महेशराज

| सि.नं. | कृषि औजार यन्त्र उपकरणहरुको नाम | स्पेसिफिकेशन | अनुदान रकम (प्रतिशत मा) | कैफियत |
|---|---|---|---|---|
| ४.१४ | पोटेटो प्लान्टर | | ५० | |
| ४.१५ | पोटेटो डिगर | | ५० | |
| ४.१६ | मेज हार्भेष्टर | | ५० | |
| ४.१७ | रिपर मेशिन | | ५० | |
| ४.१८ | ब्रस कटर | | ५० | |
| ४.१९ | मल्टी क्रप थ्रेशर | | ५० | |
| ४.२० | धान थ्रेशर | ईलेक्ट्रिकल, म्यानुयल | ५० | |
| ४.२१ | गहुँ थ्रेशर | | ५० | |
| ४.२२ | मेज/कर्न सेलर | | ५० | |
| ४.२३ | पावर स्प्रेयर/बुम स्प्रेयर | | ५० | |
| ४.२४ | फर्टिलाईजर ब्रोडकास्टर/स्प्रेडर | | ५० | |
| ४.२५ | एन्टी स्किड ह्वील कनेक्टर/हब कनेक्टर | | ५० | |
| ४.२६ | ट्रेन्चर | | ५० | उखु बालीको लागि ट्रेन्च/नाली बनाउने मेशिन |
| ४.२७ | एन्टर्याप ब्लेड | | ५० | |
| ४.२८ | डीप टिलिङ्ग ब्लेड | | ५० | |
| ४.२९ | राईस ट्रान्सप्लाण्टर | म्यानुयल, वाक, राईडिङ्ग | ५० | |
| ५ | कम्बाइन हार्बेष्टर | | ५० | |
| ६ | उखु हार्बेष्टर | | ५० | |
| ७ | उखु पेल्ने मेशिन | | ५० | |
| | | | | |
| (ख) | कृषि औजार उपकरणहरु : | | | |
| १ | ज्याब प्लान्टर | | | |
| २ | मेज/कर्न सेलर | इलेक्ट्रकल/ हाते | ५० | |
| ३ | बीउ र फर्टिलाईजर ब्रोडकास्टर/स्प्रेडर | | ५० | |
| ४ | मेज डिहस्कर | | ५० | |
| ४ | वीडर (घाँस गोडने) | | ५० | |
| ५ | बत्ताउने पंखा | | ५० | |



डा. महेशराज

| क्र.नं. | कृषि औजार यन्त्र उपकरणहरुको नाम | स्पेसिफिकेशन | अनुदान रकम (प्रतिशत मा) | कैफियत |
|---|---|---|---|---|
| ७ | ग्रास कटर | | ५० | |
| ८ | यसै प्रकृतिका अन्य सामग्रीहरु | | | |
| (ग) | पशुपन्छि तथा मत्स्य व्यावसाय तथा उद्योग स्थापनाका लागि आवश्यक यन्त्र उपकरणहरु/मेशिनरीहरु: | | | |
| १ | दुध ढुवानी गर्ने चार पाङ्ग्रे सवारी साधन | अधिकतम ६५ एच.पी. | ५० | दुग्ध उत्पादक संस्था वा सहकारीले तराइमा दैनिक एक हजार लिटर भन्दा बढी दुध ढुवानी<br>पहाडमा दैनिक पाँच सय लिटर भन्दा बढी दुध ढुवानी |
| २ | दुध ढुवानी टयाङ्कर | | ५० | दुग्ध उत्पादक संस्था वा सहकारीले दैनिक तीन हजार लिटर भन्दा बढी दुध ढुवानी |
| ३ | मासु ढुवानीका लागि रेफ्रिजिरेशन भ्यान | | ५० | |
| ४ | जिउँदो खसीबोका तथा अन्य पशु ढुवानी सवारी साधन | | ५० | |
| ५ | छाला प्रशोधन उद्योग स्थापनाका लागि आवश्यक औंजार सेट | | ५० | |
| ६ | उन प्रशोधन उद्योग स्थापनाका लागि आवश्यक औंजार सेट | | ५० | |
| ७ | हाड प्रशोधन उद्योग स्थापनाका लागि आवश्यक औंजार सेट | | ५० | |
| (घ) | मासु उद्योग स्थापनाका लागि आवश्यक | | | |
| १ | मासुको कोल्ड स्टोर तथा रेफ्रिजिरेशन | | ५० | |
| २ | बधशाला, बधस्थल, मिटमार्ट स्थापनार्थ उपकरण सेट | | ५० | |
| ३ | मासुको सुकुटी बनाउने मेसिन सेट | | ५० | |
| (ङ) | डेरी उद्योग स्थापनाका लागि बोइलर, पास्चराइजर, प्याकिङ्ग मेसिन, दुधको कोल्ड स्टोर तथा अन्य उपकरण सेट | | | |
| १ | आइस क्रिम, पनिर लगायत | | ५० | |



सचिव
डा. महेशराज बिष्ट

| सि.नं. | कृषि औजार यन्त्र उपकरणहरुको नाम | स्पेसिफिकेशन | अनुदान रकम (प्रतिशत मा) | कैफियत |
|---|---|---|---|---|
| | अन्य दुग्धजन्य पदार्थ उत्पादन औजार सेट | | | |
| २ | छुर्पी बनाउने उपकरण सेट | | ५० | |
| ३ | चिज उत्पादन उपकरण सेट | | ५० | |
| (च) | पशुपन्छि फार्म स्थापना उपकरण | | | |
| १ | काउम्याट, गोबर फ्याँक्ने व्हीलब्यारो | | ५० | ५ भन्दा बढी उन्नत दुहुना पशु (गाई, भैंसी) भएको फार्म |
| २ | मिल्किङ्ग मेसिन | | ५० | २० भन्दा बढी उन्नत दुहुना पशु (गाई, भैंसी) भएको फार्म |
| ३ | मिल्किङ्ग पार्लर स्थापना | | ५० | ५० भन्दा बढी उन्नत दुहुना पशु (गाई, भैंसी) भएको फार्म |
| ४ | ग्रामीण कुखुराको चल्ला उत्पादनका लागि इन्कुबेटर सहित ह्याचरी सेट | | ५० | १ हजार भन्दा बढी रैथाने कुखुरा (साकिनी, प्वाँख उल्टे, घाँटी खुइले) भएको फार्म,<br>३ हजार भन्दा बढी ग्रामीण कुखुरा(न्यूह्यमसायर, ब्ल्याकअट्रोलार्प) भएकोफार्म |
| ५ | बंगुरको फरोङ्गपेन सेट | | ५० | २० भन्दा बढी माउ बंगुर पालेको व्यवसायिक फार्म |
| (छ) | पशुपन्छि दाना उद्योग स्थापना | | | |
| १ | बेलिङ्ग र र्‍यापिङ्ग सहित साइलेज बनाउने चार पाङ्ग्रे सवारी साधन सहितको सेट | | ५० | कम्तीमा ५ हेक्टर जमिनमा साइलेजका लागि घाँस खेत गरेको हुनु पर्ने |
| २ | हे बनाउनका लागि घाँस सुकाउने मेसिन | | ५० | कम्तीमा ०.५ हेक्टर जमिनमा घाँस खेती गरेको हुनु पर्ने |
| ३ | जमरा घाँस उत्पादनका लागि हाइड्रोपोनिक मेसिन सेट | | ५० | उन्नत प्रविधिको गाई, भैंसी, बाखा, कुखुरा, बंगुर पालन गरेको व्यवसायिक फार्म |
| (ज) | व्यावसायिक मत्स्य पालन तथा उद्योग स्थापनाका लागि आवश्यक औंजार | | | |
| १ | पन्ड एरिएटर | अधिकतम २ एच.पी. | ५० | कम्तीमा १.५ हेक्टर क्षेफलमा माछा पोखरी हुनु पर्ने |
| २ | बिओमिटर, पानीको गुणस्तर जाँच गर्ने कीटको सेट | | ५० | कम्तीमा १.५ हेक्टर क्षेफलमा माछा पोखरी हुनु पर्ने |



सचिव
डा. महेशराज बिष्ट

प्रदेश नं. ७ ... कैलाली, २०७४

| सि.नं. | कृषि औजार यन्त्र उपकरणहरुको नाम | स्पेसिफिकेशन | अनुदान रकम (प्रतिशत मा) | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| ३ | बायोफ्लक ट्यांक सेट (एरिएटर, फलाममेस, ट्यांकी, डिओमिटर तथा अन्य उपकरणहरु) | कम्तीमा १० फिट परिधि र ४ फिट उचाई भएको | ५० | विद्युत लगायत पूर्वाधारहरुको सुविधा भई उन्नत प्रविधिमार्फत सञ्चालन भएको माछा ह्याचरी तथा उत्पादन फार्म |
| ४ | माछा पालन नेट, जाल सेट | | ५० | |
| ५ | पानीको स्रोतका लागि डिप बोरिङ्ग पम्पसेट | | ५० | कम्तीमा ३ हेक्टर क्षेफलमा माछा पोखरी हुनु पर्ने |
| ६ | जिउँदो माछा ढुवानीका लागि चिलिङ्ग ४ पाङ्ग्रे भ्यान | | ५० | कम्तीमा दैनिक ५ सय के.जी.जिउँदो माछा विक्री वितरण गरेको हुनु पर्ने |
| ७ | अटोमेटिक फिडिङ्ग सेट | | ५० | उन्नत प्रविधिले कम्तीमा १ हेक्टर पोखरीमा माछा पालन गरेको हुनु पर्ने |
| ८ | माछाको गोटी दाना बनाउने मेसिन | | ५० | माछा पालनमा संलग्न व्यवसायिहरुद्धारा नीजि वा सामुहिक रुपमा सञ्चालित दाना बनाउने उद्योग |

नोट : ट्र्याक्टर तथा अन्य ४ पाङ्ग्रेकोहकमा व्यक्तिगत कृषकलाई नभई कृषक समूह/कृषि वा बहुउद्देश्यीय सहकारी/संस्था र निजी कृषि फर्म/कम्पनीलाई प्राथमिकतामा राखी अनुदानमा उपलब्ध गराईनेछ र सेटमा माग गर्दा एकै प्रकारको दोहरो माग गर्न पाईने छैन ।

सचिव
डा. महेशराज बिष्ट

## अनुसूची-३

(दफा ९ (२) सँग सम्बन्धित)

**औजार, यन्त्र तथा उपकरण आपुर्तिकर्ताको लागि निवेदन फारम (दररेट वा आसयपत्र)**

(सप्लायर्सको प्रयोजनका लागि)

१. आपुर्तिकर्ता फर्म/कम्पनीको नामः ........... ........... ........... ........... ........... ........... .....

२. मूख्य कार्यालय रहेको ठेगानाः ........... ........... ........... ........... ........... ........... ..........

टेलिफन नं. ....................................... फ्याक्स नं. ...........................................

ईमेलः .............................................................................................................

३. जिम्मेवार व्यक्तिको नामः ........... ........... ........... ........... ........... ........... ................

पदः ........... ........... ........... ........... ........... ........... ................ .......

टेलिफन नं. ........... ........... मोबाईल नं........... ........... फ्याक्स नं...................

ईमेलः ........... ........... ........... ........... ........... ........... ................ .......

४. फर्म/कम्पनी रजिष्ट्रेशन नं. ........... ........... ........... रजिष्ट्रेशन गरिएको कार्यालयः ........... .....

रजिष्ट्रेशन मितिः ........... ........... ........... ........... ........... ........... ...... ......

५. पान/भ्याटदर्ता नं. ........... ........... ........... ........... दर्ता मिति......... ........... ...... .........

६. व्यवसायको किसिम/उद्देश्यः ........... ........... ........... ........... ........... ........... ...........

७. विगत तीन वर्षको वित्तीय विवरण (विगत ३ वर्षको लेखापरीक्षण प्रतिवेदन संलग्न राख्ने)

**वासलातको विवरण**

| आर्थिक वर्ष | १ (२०.............) | २ (२०...............) | ३ (२०..............) |
|---|---|---|---|
| जम्मा सम्पत्ति | | | |
| जम्मा दायित्व | | | |
| जम्मा मूल्य | | | |
| वर्तमान सम्पत्ति | | | |
| वर्तमान दायित्व | | | |

सचिव
डा. महेशराज बिष्ट

## आय विवरण

| आर्थिक वर्ष | १ (२०.................) | २ (२०.................) | ३ (२०.................) |
|---|---|---|---|
| जम्मा आम्दानी | | | |
| कर तिर्नु अघिको मुनाफा | | | |
| कर तिरेपछिको मुनाफा | | | |

वित्तीय श्रोतहरु (आवश्यकता अनुसार तालिकामा थप गर्ने)

| क्र.सं. | वित्तीय लगानीका श्रोतहरु | रकम रु. |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| | | |

नोटः बैङ्कको पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

८. उपलब्ध जनशक्ति विवरण र क्षमताः

| क्र.सं. | जनशक्तिको नाम | पद | शैक्षिक योग्यता (प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा संलग्न गर्ने) | अनुभव (वर्ष) |
|---|---|---|---|---|
| | | व्यवस्थापक | | |
| | | लेखा प्रमुख,विक्रेता, बजार व्यवस्थापक | | |
| | | ईन्जिनियर, सव-ईन्जिनियर | | |

नोटः जनशक्तिको व्यक्तिगत विवरण र प्रमाणपत्रहरु अनिवार्य रुपमा संलग्न राखिएको हुनु पर्नेछ । अन्यथा मूल्याङ्कनको लागि योग्य हुनेछैन ।

९. फर्म/कम्पनीले अनुसूची-२ मा उल्लेख भए अनुसार आपूर्ति गर्न सक्ने औजार यन्त्र उपकरणहरु र तिनिहरुको दररेट (यथार्थ क्याटलगहरु र स्पेसिफिकेशन संलग्न गर्ने):

सचिव

औजार यन्त्र उपकरणहरुको संक्षिप्त स्पेसिफिकेशनः

| क.सं.: | औजार यन्त्र उपकरणको नाम | ब्राण्ड | मोडेल | क्षमता, एच.पी. (HP) | प्रति ईकाई मूल्य रु. (भ्याट समेत) | | टूलबक्स सहीत छुटमा दिइने स्पेयर पार्टस | विक्रि पछि निःशुल्क सर्भिसिङ्ग गरिने पटक संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | मूल्य अङ्कमा | मूल्य अक्षरमा | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

१०. फर्म/कम्पनीसँग अनुसूची-२ अनुसार हाल आपुर्ति गर्न सकिने औजार यन्त्र उपकरणहरुको उपलव्तधताको विवरण (एक आर्थिक वर्षका लागि)

| क.सं. | औजार यन्त्र उपकरणको नाम | ब्राण्ड | मोडेल | स्टकमा उपलव्ध (संख्या) | एक वर्षमा आपुर्ति गर्न सकिने परिमाण | दर रेट अङ्कमा रु. | जम्मा रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |

एक आर्थिक वर्षमा आपुर्ति गर्न सकिने कृषि औजार यन्त्र उपकरणको जम्मा मूल्यको २.५% धरौटी रकम बैंकमा जम्मा गरेको भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेण्टी संलग्न हुनु पर्ने । सो संलग्न नभएको फर्म/कम्पनी मूल्याङ्कनका लागि योग्य हुनेछैन ।

११. स्पेयरपार्टस (**Spare parts**) हरुको उपलव्धताः

सचिव

| क्र.सं. | स्पेयरपार्टसको नाम | परिमाण | प्रति इकाई दर रेट रु. अङ्कमा | जम्मा रकम रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

जम्मा स्पेयर पार्टस उपलब्ध गराउन सकिने रकम रु. ................ (मूल्याङ्कनको उद्धेश्यका लागि अनिवार्य रुपमा उल्लेख गर्ने)।

१२. नेपाल भित्र रहेका उत्पादक, आधिकारिक विक्रेता, शाखाहरु र वितरकहरुको विवरण:

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क व्यक्ति | ईमेल ठेगाना | टेलिफोन नं. | मोवाइल नं. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

फर्म रजिष्ट्रेशन सहितको डिलरसीप सम्झौता, प्यान वा भ्याट दर्ता प्रमाण पेश गर्ने अन्यथा मूल्याङ्कनका लागि मान्य हुनेछैन ।

१३. मर्मत सम्भारको सेवा प्रदान गर्ने केन्द्रहरु:

| क्र,सं. | केन्द्रको नाम | जिल्ला | उपलव्ध सेवाको किसिम (कहिलेकाहिं/नियमित/ इन्जेन ओभरहौल **(Engine Overhaul)** | ठेगाना | सम्पर्क व्यक्ती | ईमेल ठेगाना | टेलिफन नं. | मोबाइल नं. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

फर्म रजिष्ट्रेशन सहितको डिलरसीप सम्झौता, प्यान वा भ्याट दर्ता प्रमाण पेश गर्ने अन्यथा मूल्याङ्कनका लागि मान्य हुनेछैन ।

१४. पेशागत अनुभवः

सचिव
डा. महेशराज विष्ट

१५. विशिष्ट अनुभवः (अनुभवको पुष्ट्यांईको आधार संलग्न गर्नुहोस्)

माथि पेश गरेको विवरण ठिक साँचो छ । कृषि औजार, यन्त्र तथा उपकरण आपुर्ति वा खरिद प्रक्रिया सम्बन्धी आसय-पत्र पेश गर्न वा भाग लिन म/हामी अयोग्य नभएको, प्रस्तावित आपुर्ति वा खरिद कार्यको आसय सम्बन्धमा कुनै विवाद नभएको र आजसम्म आफ्नो पेशासँग सम्बन्धित वा व्यापार व्यवसायसँग सम्बन्धित कुनै पनि किसिमको सजाय नपाएको व्यहोरा ठिक साँचो हो । झुठ्ठा ठहरिएमा प्रचलितकानून बमोजिम कारवाही भएमा सहुँला/बुझाउँला। मलाई/हामीलाई त्यस .............. बाट सञ्चालन हुने औजार, यन्त्र तथा उपकरण वितरणका लागि आपुर्तिकर्ताको रुपमा भाग लिने अवसर प्रदान गराई दिनु हुन अनुरोध गर्दछु/छौं ।

| कार्यालयको छाप |
| --- |
| |

(आधिकारीक व्यक्तिको हस्ताक्षर)

सही : ..................

नाम :

पद :

मिति : ........................

सचिव
डा. महिशराज बिष्ट

अनुसूची-४ (क)

(दफा १२ (२) सँग सम्बन्धित)

<u>अनुदानमा कृषि औजार, यन्त्र तथा उपकरणहरु प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्ने निवेदनको ढाँचा</u>

मिति :..............................

श्री ...........................
...............................
मार्फतः
श्री ..........................
....................................... ।

विषय : कृषि औजार, यन्त्र तथा उपकरणहरु अनुदानमा उपलब्ध गराई पाउँ ।

मलाई/हामीलाई ................................ बाली/बालीहरुको .....................................कार्यमा उपयोग गर्न"कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७६" अनुसार तहां ..............को मिति ........................................को ................................दैनिक पत्रिकामा प्रकाशित र कृषि ज्ञान केन्द्र/विज्ञ केन्द्र................................. मा टाँस गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि औजार,यन्त्र तथा उपकरणहरु अनुदानमा प्राप्त गर्न तोकिएको ढाँचामा प्रस्ताव तयार पारी तथा आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको/गरेका छुं/छौं ।

संलग्न कागजातहरु :

१.

२.

३.

| पासपोर्ट साईजको दुवै कान देखिने फोटो |
|---|

<u>निवेदक</u>

दस्तखत :

नाम :

पद :

मोबाइल नं. :

समूह/ संस्थाको नाम :

ठेगाना :

समूह/ संस्थाको छाप :

सचिव
डा. महेशराज बिष्ट

अनुसूची-४ (ख)

(दफा १२ (२) सँग सम्बन्धित)

**अनुदानमा कृषि औजार, यन्त्र तथा उपकरणहरु प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्ने प्रस्तावको ढाँचा**

मिति : ............................

श्री ......................

............................

मार्फत

श्री ............................

..............................

विषय : कृषि औजारयन्त्र उपकरणहरु अनुदानमा प्राप्त गर्न तयार पारिएको प्रस्ताव।

(क) उपभोक्ताको विवरण :

१. नाम : ............................ नागरिकता प्र.प.नं. ................ र जारी मिति .............

२. संस्था दर्ता नं. ............. दर्ता मिति .................. दर्ता गर्ने निकाय ...........................

३. स्थायी ठेगाना : जिल्ला............ गा.पा./न.पा. ................ वडा नं. ...... टोल .............

४. हालको ठेगाना : जिल्ला ..........गा.पा./न.पा. ...................वडा नं. ....... टोल .............

५. सम्पर्क : मोवाइल नं. ......................... फोन नं. ................. इमेल .......................

६. सम्पर्क व्यक्तिको नामः .................... पद : ......... मोवाइल नं. ........... इमेल ...........

७. सदस्य संख्याः महिला ..........पुरुष ........ दलित .......... जनजाति .........अन्य...............

८. लाभान्वित कृषक संख्या : प्रत्यक्ष ............. अप्रत्यक्ष ................जम्मा ...................

सचिव
डा. महेशराज बिष्ट

९. प्राप्त गर्न चाहेको कृषि औजार, यन्त्र तथा उपकरणहरुको विवरणः

| सि.नं. | आपूर्तिकर्ताको नाम | यन्त्रको नाम | ब्राण्ड | मोडेल | हर्ष पावर / साइज | मूल्य रु. | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

१०. प्राप्त कृषि औजार, यन्त्र तथा उपकरणहरुको बाली र क्षेत्र अनुसार गरिने उपयोगः

| सि.नं. | बाली | क्षेत्रफल (विगहा/कठ्ठा/रोपनी) | अन्य खुलाउने |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

११. माग गरिएको कृषि औजार, यन्त्र तथा उपकरणहरु माग गर्नुको औचित्य/कारण.......................................................................................................

..................................................................................................

१२. उपलब्ध भौतिक पूर्वाधारहरु (सिंचाई, सडक र विद्युत आदि) को अवस्था :

१३. संस्थाको आर्थिक अवस्था (हितकोष समेत) :

१४. उत्पादित कृषिजन्य वस्तुहरुको लागि उपलब्ध बजारहरु तथा हालको बिक्रीको अवस्थाः

कूल उत्पादन    बिक्री परिमाण    प्राप्त आय

सचिव
डा. महेशराज बिष्ट

१.
२.
३.

१५. कृषि औजार, यन्त्र तथा उपकरणहरु अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेकको नगद रकम तिरी कार्यक्रममा संलग्न हुन सहमत छु/छौं ।

माथि पेश गरेको विवरण ठिक साँचो छ, झुठ्ठा ठहरिए प्रचलित कानून बमोजिमकारवाही भएमा सहुँला/बुझाउँला । मलाई/हामीलाई मन्त्रालयबाट व्यवस्था भए बमोजिमको अनुदान उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौं ।

संस्थाको छाप

निवेदकः

सही : ..................

नाम :

पद :

मिति : ........................

औंठा छापः ....................

सचिव
डा. महेशराज बिष्ट

## अनुसूची-५

(दफा ७ (२) सँग सम्बन्धित)

**उपभोक्ताको प्रस्ताव मूल्याङ्कनका आधारहरु**

१. कृषक,कृषि समूह, कृषि वा बहुउद्देशिय सहकारी, संस्था वा निजी फर्म, कम्पनीको नाम:

२. ठेगाना:

३. सम्पर्क व्यक्तिको नाम:

४.सम्पर्क नं.:

**५.मूल्याङ्कनका आधार/सूचकहरु तथा पूर्णाङ्क :**

| | |
|---|---|
| १. प्राथमिकताको कम कमशः हिमाल, पहाड, तराई क्षेत्र | २० |
| २. उपभोक्ताको किसिम | १० |
| ३. सामाजिक समावेसिता | १० |
| ४. खेतिको व्यवसायिकता एवं खेति गरिएको क्षेत्रफल | १० |
| ५. उपलब्ध भौतिक पूर्वाधार (सिंचाइ,सडक विद्युत आदि) को अवस्था | १० |
| ६. प्रांगारिक खेति गरिरहेको वा गर्न ईच्छुक | १० |
| ७. उपभोक्ताको अनुभव | १० |
| ८. माग गरिएका सामग्रीहरुको उपयोग | १० |
| ९. लाभान्वित परिवार | १० |
| | १०० |

सचिव
डा. महेशराज बिष्ट

अनुसूची-६

(दफा ७(३) र १३(२) सँग सम्बन्धित)

**कार्यालयले उपभोक्ताका लागि आपूर्तिकर्तालाई गर्ने सिफारिसको ढाँचा**

मितिः .............

श्री ............................................... (आपूर्तिकर्ताको नाम)

............................................... (ठेगाना)

विषयः सिफारिस गरी पठाईएको ।

श्री ............................................. ले मिति ............................ मा दिनु भएको निवेदनमा यस कार्यालयको मिति ................ गतेको निर्णय अनुसार छनौट भएको ..................... कार्यमा प्रयोग हुने तपसिलका सेटमा कृषि यन्त्र उपकरणहरु "कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम अनुदानमा कृषि यन्त्र उपकरणहरु उपलब्ध गराई दिनुहुन सिफारिस गर्दछु ।

तपसिल

अनुदानको लागि सिफारिस गरिएका कृषि यन्त्र उपकरणहरुको विवरणः

| सि.नं. | आपुर्ति कर्ताको नाम | यन्त्र उपकरणको नाम | ब्राण्ड | मोडेल | हर्ष पावर/ साईज | मूल्य रु. | अनुदान रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

संलग्न कागजातहरुः

१.

२.

३.

कार्यालयको प्रमुख वा
आधिकारीक अधिकृतको
नामः ...............

दस्तखतः ...........
पदः ............

सचिव
डा. महेशराज बिष्ट

अनुसूची-७

(दफा ७(४) र १३ (२) सँग सम्बन्धित)

**अनुदान रकम भुक्तानी आवेदन फाराम**

(आपूर्तिकर्ताको लागि)

| आपुर्तिकर्ता प्रयोजनको लागि |
|---|

मितिः ..................

१. जिल्ला - ............... म.न.पा/उ.न.पा./गा.पा. ............. वडानं. ........ वस्ने उपभोक्ता श्री ............. छनौट भई माग गरे बमोजिम र श्री कृषि ज्ञन केन्द्र/विज्ञ केन्द्र ........... को च.नं. ...... मिति ........ को सिफारिस पत्र अनुसार .............................................................................. को खरिद/विक्रि मूल्य रु. ............ पर्नेको अनुदान स्वरुप रकम रु. .......... अक्षरेपी ................................. को कृषि यन्त्र उपकरण उपलव्ध गराईएको छ।

| संस्थाको छाप |
|---|

आपुर्तिकर्ताको नाम र ठेगानाः .................

आधिकारिक व्यक्तिको सहीः ....................

आधिकारिक व्यक्तिको नामः .....................

२. कृषि यन्त्र उपकरण वुझिलिनेको नामः ....................

सहीः ............

मितिः..........

३. सम्बन्धित कृषि ज्ञान केन्द्र/विज्ञ केन्द्रबाट अनुदान रकम भुक्तानीको लागि सिफारिस गर्ने प्रमुख वा आधिकारिक अधिकृतको नामः .......................................

सहिः .........................

| कार्यालयको छाप |
|---|

---

| कार्यान्वयन गर्ने निकायका लागी |
|---|

५. उपरोक्त अनुसार भएको देखिएकोले कृषि यन्त्र उपकरण अनुदान रकम रु, ................, अक्षरेपी ........................ आपूर्तिकर्ताको नाममा भूक्तानी प्रयोजनार्थ सिफारिस गर्दछु ।

सहीः ..............

नाम ...................

पदः .............. ...

स्विकृत गर्ने अधिकारीः ...................

सचिव

डा. महेशराज बिष्ट

अनुसूची-८

(दफा १३ (२) सँग सम्बन्धित)

<u>अनुदानमा उपलब्ध हुने कृषि औजारयन्त्र उपकरणमा आपूर्तिकर्ताले राखुपर्ने प्रिन्ट वा प्लेटको ढाँचा</u>

| |
|---|
| प्रदेश सरकार<br>सुदूरपश्चिम प्रदेश<br>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>अनुदान प्राप्त........................(औजार यन्त्र उपकरणको नाम लेख्ने)<br>आ.व. : ---------- |

| |
|---|
| प्रदेश सरकार<br>सुदूरपश्चिम प्रदेश<br>भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय<br>.................. निर्देशनालय/ज्ञान केन्द्र/विज्ञ केन्द्र<br>अनुदान प्राप्त........................(औजार यन्त्र उपकरणको नाम लेख्ने)<br>आ.व. : ---------- |

वा

| |
|---|
| *सुदूरपश्चिम प्रदेश सरकार बाट ५० % अनुदान प्राप्त<br>.......................(औजार यन्त्र उपकरणको नाम लेख्ने)<br>आ.व. : ---------- |

*साना कृषि औजार यन्त्र उपकरणहरुका लागि नमूना ।

सचिव
डा. महेशराज बिष्ट



website: www.p...gov.np

# अनुसूची-९

(दफा ६ (ग) सँग सम्बन्धित)

आपूर्तिकर्ता र कार्यान्वयन गर्ने निकाय बीचको सम्झौता पत्र

यो सम्झौता मिति २०..../....... का दिन ................................ (यसपछि पहिलो पक्ष भनिने) र ................................. (यसपछि दोश्रो पक्ष भनिने) बीच कृषि यन्त्र, औजार, उपकरणहरु अनुदानमा वितरण कार्य सम्पन्न गर्नका लागि "कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७६" बमोजिम छनौट समितिबाट छनौट भएका कृषि यन्त्र, औजार उपकरणहरुको मोडेल, ब्राण्ड र क्षमताका मात्र स्वीकृत अनुदान रकम वाहेकको बांकि रकम उपभोक्ताबाट आपूर्तिकर्ताले भुक्तानी लिने गरी सहमत भई तपसिलका शर्तहरुको अधिनमा रही यो सम्झौता गरिएको छ ।

<u>शर्तहरु:</u>

१. आपूर्तिकर्ताले स्वीकृत कार्यविधिको अनुसूची-१० को १ मा उल्लेख भएअनुसारका शर्तहरु पूर्ण रुपले पालना गर्नु पर्छ ।

२. आपूर्तिकर्ताले आफ्ना तोकिएको बिक्री केन्द्रहरुबाट बिक्री भएका कृषि यन्त्र, औजार, उपकरणको अनुदान भुक्तानी प्राप्त गर्न तपसिल अनुसारका कागजात सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(क) अनुसूची-४ अनुसार उपभोक्ताको निवेदन र प्रारम्भिक छनौटको फाराम ।

(ख) अनुसूची-६ अनुसार सम्बन्धित ज्ञान केन्द्र/विज्ञ केन्द्रको आपूर्तिकर्तालाई गरिने सिफारिस पत्र ।

(ग) अनुसूची-७ अनुसार अनुदान रकम भुक्तानी आवेदन फाराम

(घ) उपभोक्ताबाट आफैले प्रमाणित गरिएको अनुसूची-१(ख) वा (ग) अनुसारका सम्पूर्ण कागजातहरु

(ङ) उपभोक्ताको नाममा जारी कर विजक पेश गर्नु पर्नेछ ।

(च) आपुर्ति गरिएको औजारहरुमा अनुसूची-८ अनुसारको प्रिण्ट टाँस गरी सो झल्किने गरी उपभोक्ता सहितको फोटो ।

(छ) सार्वजिनक परीक्षण गरिएको प्रमाणित कागजातहरुको प्रतिलिपी ।

३. माथिको बुँदा नं. २ मा उल्लेख गरिएका कागजातहरु पूर्ण रुपमा पेश नभएमा कार्यालयले आपुर्तिकर्तालाई अनुदान रकम भुक्तानी गर्न बाध्य हुने छैन । छनौट समितिबाट छनौट भएका आपूर्तिकर्ताबाट लिएको कृषि यन्त्र, औजार, उपकरणमा मात्र भुक्तानी गरिने छ ।

४. यस सम्झौता बमोजिम खरिद भई सकेपछि पहिलो पक्षले कर विजकमा उल्लेखित कूल रकमको १.५ प्रतिशत अग्रीम कर कट्टी गरी बाँकी अनुदान रकम मात्र दोश्रो पक्षको बैङ्क खातामा दाखिला गरिनेछ ।

५. छनौट समितिले निर्धारण गरिए बमोजिमको ब्राण्ड, मोडेल तथा क्षमता अनुसारको कृषि यन्त्र, औजार, उपकरणहरुमा निर्धारित अनुदान रकम बाहेकको रकम सम्बन्धित उपभोक्ताले आपूर्तिकर्तालाई भुक्तानी गरेको हुनु पर्नेछ ।

सचिव
डा. महेशराज विष्ट

अनुदान बाहेकको बाँकी रकम उपभोक्ताले भुक्तानी नगरी दोश्रो पक्षले औजार उपकरण आपूर्ति गरेको खण्डमा सोको जिम्मेवार दोश्रो पक्ष स्वयम् हुनेछ ।

७. अनुदानमा उपलव्ध गराएका औजार यन्त्र उपकरणहरु उपभोक्ताले बुझी लिए पछि आफ्नो कार्य क्षेत्रमा लगेको हुनु पर्नेछ, त्यस्तो औजारहरु कृषकले नलगी दोश्रो पक्षले अनुदान रकम दाबी गरेमा सो रकम भुक्तानी हुने छैन र जालसाजी गरे सरह मानी प्रचलित कानून बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा लेखी पठाइने छ ।

८. दोश्रों पक्षले आपूर्ति गरेका विभिन्न कृषि यन्त्र, औजार, उपकरण चलाउने साधारण ज्ञान, सीप सम्बन्धी उपभोक्तालाई तालिम दिने व्यवस्था गर्नु पर्नेछ ।

९. आपुर्तिकर्ताले आपुर्ति गर्न खोजेको कृषि औजार यन्त्र उपकरणहरु ........ महिनाको ...... गते भित्र आपुर्ति गरि भुक्तानीको लागि आवश्यक कागजातहरु पहिलो पक्ष समक्ष पेश गरिसक्नु पर्ने छ ।

१०. सम्झौतामा उल्लेख भएका कुराहरु सम्झौता बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

११. कुनै कुराहरु स्पष्ट नभएमा वा कुनै कुरामा विवाद भएमा दुवै पक्षको आपसी छलफलबाट निर्णय गरिनेछ र केही विवाद टुङ्गो नलागेमा प्रचलित ऐन नियम अनुसार वा यस ............. बाट भएको निर्णय अन्तिम हुनेछ ।

१२. कार्यान्वयन निकायले आवस्यकता अनुसार वुंदाहरु थपघट गर्न सक्ने छ ।

१३. यस कार्यको सम्झौता आजको मितिदेखि प्रारम्भ हुनेछ ।

उपरोक्तानुसारको बुँदाहरुमा पहिलो पक्ष र दोश्रो पक्ष दुवै सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं दियौं ।

ईति सम्वत २०........... साल ........ महिना .......... गते ......... रोज शुभम् ।

पहिलो पक्षको तर्फबाट
हस्ताक्षर...........................
नाम:............................
पद:.............................
मिति: .......................
साक्षी ..................................
हस्ताक्षर.......................
नाम:............................
पद:.............................
संस्थाको नाम: ............................

दोश्रो पक्षको तर्फबाट
हस्ताक्षर.......................
नाम: .............................
पद: .........................
मिति: ..............................
साक्षी ..................................
हस्ताक्षर........................
नाम: ..............................
पद: .........................
संस्थाको नाम: ............................

सचिव
डा. महेशराज बिष्ट

अनुसुची -१०

(दफा ६(ग) सँग सम्बन्धित)

## आपुर्तिकर्ता र उपभोक्ताले पालना गर्नु पर्ने शर्तहरु

१. आपूर्तिकर्ताले पालना गर्नुपर्ने शर्तहरु:

(क) कार्यक्रम कार्यान्वयन निकायसँग समयमै सम्झौता गरी छनौट भएका उपभोक्ताहरुलाई तोकिएको म्याद भित्र सिफारिस अनुसारको कृषि औजार यन्त्र उपकरणहरु अनुदानमा उपलब्ध गराउने,

(ख) अनुदानमा कृषि औजार यन्त्र उपकरणहरु खरिद गर्ने उपभोक्ताहरुलाई कृषि औजारयन्त्र उपकरण सञ्चालन तथा मर्मत सम्बन्धी तालिमको व्यवस्था मिलाउनु पर्ने,

(ग) अनुदानमा बिक्रि वितरण गरिएका कृषि औजारयन्त्र उपकरणहरुको स्पेयर पार्टस सर्वसुलभ ढंगबाट उपलब्ध हुने व्यवस्था गर्नु पर्ने,

(घ) अनुदानमा बिक्रि वितरण गरिएका कृषि औजारयन्त्र उपकरणहरुमा अनुसूची-८ को ढाँचा अनुसार प्रिन्ट वा प्लेटमा लेखी अनिवार्य टाँस गर्ने, सो झल्किने गरी उपभोक्ता सहीतको फोटो पेश गर्ने,

(ङ) आपूर्तिकर्ताले उपभोक्ताहरुलाई कृषि औजार यन्त्र उपकरण सञ्चालन तथा मर्मत सम्बन्धि तालिम दिएको प्रमाणको कागजात अनुदान रकम सोधभर्नाका बखत अनुसूची-७ बमोजिमको निवेदन सहीत कार्यक्रम कार्यान्वयन निकायलाई उपलब्ध गराउनु पर्ने,

(च) आपूर्तिकर्ताहरुले पालना गर्नुपर्ने अन्य व्यवस्था सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

२. उपभोक्ताले पालना गर्नुपर्ने शर्तहरु: कार्यक्रम कार्यान्वयनका लागि उपभोक्ताहरुले देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्नेछः-

(क) उपभोक्ताहरु कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनुपर्ने,

(ख) आवश्यक कृषि औजारयन्त्र उपकरणहरु अनुदानमा प्राप्त गर्न आपूर्तिकर्तालाई अनुदान बाहेकको बांकि रकम तिरी खरिद गर्नु पर्ने,

(ग) अनुदानमा उपलब्ध गराईएका कृषि औजारयन्त्र उपकरणहरु कृषि कार्यहरुमा मात्र प्रयोग गर्नु पर्ने,

(घ) अनुदानमा प्राप्त कृषि औजार यन्त्र उपकरणहरुलाई कृषि कार्यमा संलग्न व्यक्ति वा समूह वा सहकारी वा संस्था वा फर्म वा कम्पनीलाई भाडामा उपलब्ध गराउंदा सहुलियत भाडा दरमा उपलब्ध गराउनु पर्ने,

(ङ) अनुदान प्राप्त कृषि औजार यन्त्र उपकरणहरु अरुलाई बिक्रि वितरण गर्न नपाइने।

(च) अनुसूची-६ बमोजिम आपूर्तिकर्तालाई सिफारिस र सिफारिस गरिएका कृषि यन्त्र उपकरणहरु लिन आपूर्तिकर्तालाई अनुसूची-१(ख) र (ग) मा उल्लेखित कागजात र प्रारम्भिक छनौटको फारम, सक्कल फायल पेश गरी अनुदान घटाई बाँकी रकम तिरी कृषि यन्त्र उपकरण खरिद गर्नु पर्नेछ ।

सचिव
डा. महेशराज विष्ट